नेपाल सरकार
कृषि तथा पशुपंछी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## परियोजना कार्यान्वय एकाई

विराटनगर, मोरङ

## प्रस्ताव आह्वान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८/६/१
दोस्रो पटक प्रकाशित मिति : २०७८/७/१४

यस प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन एकाई, मोरङ्गको आ.व.२०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार 'प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल २०७७' बमोजिमको शर्तहरुको अधिनमा रही तपशिलका कार्यक्रम कार्यान्वयन गर्नका लागि धान जोन प्रभाव क्षेत्र (रतुवामाई न.पा.वडा नं.६,७,८,९,१० हरु ), माछा जोन प्रभाव क्षेत्र (कटहरी गा.पा./धनपालथान गा.पा./रंगेली न.पा/सुनवर्षि न.पा./ग्रामथान गा.पा.का सम्पूर्ण वडाहरु) तथा तरकारी जोन प्रभाव क्षेत्र (जहदा गा.पा.का वडा ३ र ४ तथा कटहरी गा.पा.का वडा २, ३, ४ र ६) का सूचिकृत भएका कृषक समुह/कृषि सहकारी/जल उपभोक्ता समिति/कृषिउद्यमी/फर्म/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५औं दिन (मिति २०७८/०७/३० गते) भित्र कार्यालय समयमा तपशिलका आवश्यक कागजातका साथ प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ। रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा जानकारी गराइन्छ।

साथै थप जानकारीका लागि कार्यालयको फोन नं. ०२१-५०३०४०/ सूचना अधिकारी ९८५२०८१००६/ कृषि प्राविधिक ९८१९०६२६४०/ ९८१०५९६४०६ मा सम्पर्क राख्न सक्नुहुनेछ।

**तपशिल**

| क्र.सं. | कार्यक्रमको नाम | लक्ष्य | बजेट (रू.लाखमा) | अधिकतम अनुदान | कैफियत |
|---|---|---|---|---|---|
| | **धान, माछा तथा तरकारी जोन प्रभाव क्षेत्र** | | | | |
| १ | जोन/सुपर जोन क्षेत्रमा कृषि, यान्त्रिकरण, सहयोग (कृषि-खेतीको साथै सिंचाई प्रयोजन र पशु चिकित्सा सम्बन्धि उपकरण तथा मेशिन औजार) | ३ पटक | ४५ | ५० प्रतिसत वा बढीमा १५ लाख प्रति कार्यक्रम | -औजार उपकरण र अन्य आवश्यक उपकरण माग गर्न सकिने। |
| २ | सिचाईं पूर्वाधार निर्माण तथा मर्मत सम्भार | १८ संख्या | ५४ | ८५ प्रतिसत वा बढीमा ३ लाख प्रति कार्यक्रम | -कृषक / कृषक समूह / कृषि सहकारी / जल उपभोक्ता समिति/कृषि उद्यमी/फर्म/कम्पनी -कार्यालयले उपलब्ध गराएको फारम अनुसार लागत अनुमान सहितको प्रस्ताव पेश गर्नुपर्ने |
| ३ | भण्डारण, प्राथमिक प्रशोधन वा प्रशोधन उद्योग स्थापना (अन्य सार्वजनिक निर्माण ) | १ पटक | १५ | ८५ प्रतिसत वा बढीमा १५ लाख | -कार्यालयले उपलब्ध गराएको फारम अनुसार लागत अनुमान सहितको प्रस्ताव पेश गर्नुपर्ने |
| ४ | प्याकेजिङ्ग, लेवलिङ्ग तथा पोष्ट हार्वेष्ट क्षति न्यूनिकरण कार्यक्रम -(अन्य) | २ पटक | १० | ८५ प्रतिसत वा बढीमा ५ लाख प्रति कार्यक्रम | कार्यालयले उपलब्ध गराएको फारम अनुसार लागत अनुमान सहितको प्रस्ताव पेश गर्नुपर्ने |
| | **धान तथा तरकारी जोन प्रभाव क्षेत्र** | | | | |
| ५ | कष्टम हाइरिङ सेन्टर स्थापना | १ पटक | १५ | ५० प्रतिसत वा बढीमा १५ लाख | - धान तथा तरकारी खेतीका लागि आवश्यक उत्पादनदेखि हार्भेष्टिङ्ग/कटानीसम्म कृषि मेशिनरी औजार उपकरण खरिद तथा संचालन गरी यान्त्रीकरण टेवा पुग्ने सम्बन्धित प्रस्ताव |
| ६ | स्थानीय तहसँग समन्वयमा नर्सरी श्रोत केन्द्र स्थापना/ सुदृढीकरण | १ संख्या | ८.३० | ५० प्रतिसत वा बढीमा ८ लाख ३० हजार | - स्थानिय तहको समन्वयमा नर्सरी श्रोतकेन्द्रको ५० प्रतिसत लगानी प्रतिवद्धता भएको लागत अनुमान सहितको प्रस्ताव पेश गर्नुपर्ने |
| | **माछा जोन प्रभाव क्षेत्र** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | स्थानीय तहसँग समन्वयमा नर्सरी श्रोत केन्द्र स्थापना/ सुदृढिकरण | २ संख्या | १६ | बढीमा ८ लाख प्रति कार्यक्रम | ५० प्रतिसत लगानी प्रतिवद्धता भएको लागत अनुमान सहितको प्रस्ताव पेश गर्नुपर्ने |
| ८ | जिउँदो माछा पसल स्थापना तथा सुदृढीकरण | ३ संख्या | ९ | ५० प्रतिसत वा बढीमा ३ लाख प्रति कार्यक्रम | कार्यालयले उपलब्ध गराएको फारम अनुसार लागत अनुमान सहितको प्रस्ताव पेश गर्नुपर्ने |
| | **धान जोन प्रभाव क्षेत्र** | | | | |
| ९ | धान विउ उत्पादन कार्यक्रम -(अन्य) | ३० हेक्टर | ४.५ | बढीमा ५० प्रतिसत | - कार्यालयले उपलब्ध गराएको फारम अनुसार लागत अनुमान सहितको प्रस्ताव पेश गर्नुपर्ने<br>- उपलब्ध हुने सुविधाहरू -कृषि,पूर्वाधार, निर्माण, विउ, प्राङ्गारिक, मल /सुक्ष्म तत्व विषादी कृषि औजार उपकरण आदिमा अनुदान उपलब्ध गराउने |
| १० | चैते धानको क्षेत्रफल विस्तार | २०० हेक्टर | १६.६० | बढीमा ५० प्रतिसत | - कार्यालयले उपलब्ध गराएको फारम अनुसार लागत अनुमान सहितको प्रस्ताव पेश गर्नुपर्ने<br>- उपलब्ध हुने सुविधाहरू -कृषि,पूर्वाधार, निर्माण, विउ, प्राङ्गारिक, मल /सुक्ष्म तत्व विषादी कृषि औजार उपकरण आदिमा अनुदान उपलब्ध गराउने |
| | **तरकारी जोन प्रभाव क्षेत्र** | | | | |
| ११ | हाइटेक नर्सरी स्थापनाका लागि सहयोग(७५ प्रतिसत अनुदान) | ४ संख्या | २४ | ७५ प्रतिसत वा बढीमा ६ लाख प्रति कार्यक्रम | - कार्यालयले उपलब्ध गराएको फारम अनुसार लागत अनुमान सहितको प्रस्ताव पेश गर्नुपर्ने |
| १२ | गुणस्तरीय विऊ उत्पादनका लागि नेट हाउस निर्माण | ५ संख्या | १.२४ | बढीमा ५० प्रतिसत | - कार्यालयले उपलब्ध गराएको फारम अनुसार लागत अनुमान सहितको प्रस्ताव पेश गर्नुपर्ने |
| १३ | जोन/ सुपर जोनको लक्षित बालीको बजारीकरणको लागि चालु अनुदान सहयोग | २ संख्या | १० | ५० प्रतिसत वा बढीमा ५ लाख प्रति कार्यक्रम | - कार्यालयले उपलब्ध गराएको फारम अनुसार लागत अनुमान सहितको प्रस्ताव पेश गर्नुपर्ने |
| | **मोरङ जिल्ला प्रभाव क्षेत्र** | | | | |
| १४. | चक्लाबन्दीमा पकेट/ब्लक/जोन संचालनको लागि सहकारी र निजी क्षेत्रबाट माँग संकलन, सम्भाव्यता अध्ययन र कार्यान्वयनमा सहयोग (अन्य) मोरङ जिल्ला भरी | २ संख्या | २० | ५० प्रतिशत वा बढिमा १० लाख प्रति कार्यक्रम | - चक्लाबन्दीमा धान तथा तरकारी खेती गर्ने इच्छुक कृषक समूह/ कृषि सहकारी/ कृषि उद्यमी/ फर्म/ कम्पनीहरुले पेश गर्नुपर्ने<br>- समूह/सहकरीको हकमा कम्तिमा १५ हेक्टर क्षेत्रफल जग्गा हुनुपर्ने।<br>- निजी फर्मको कम्तिमा १० हेक्टर क्षेत्रफल जग्गा हुनुपर्ने।<br>- उपलब्ध हुने सुविधाहरु : कृषि पूर्वाधार निर्माण, बीउ, प्राङ्गारिक मल/सुक्ष्म तत्व, विषादी, कृषि औजार/उपकरण आदिमा अनुदान उपलब्ध गराउने प्रविधि र प्राविधिक सेवा टेवा उपलब्ध गराउने बजारिकरणमा सहयोग गर्ने।<br>-जग्गा धनी पूर्जाको प्रतिलिपी। जग्गा आफ्नै स्वामित्व भएको वा कम्तिमा १० वर्षको करार सम्झौता भएको।<br>-तोकिएको कार्यविधि अनुसार प्रस्ताव तयार गरी पेश गर्नुपर्ने। |
| १५. | जोन/सुपरजोन प्रभाव क्षेत्रमा क्षेत्रफल विस्तार (माछा) (मोरङ जिल्ला भरी) | २७.५ हेक्टर | ९१.३० | बढिमा ५० प्रतिशत | - कार्यालयबाट प्रति कठ्ठा बढिमा रु. दश हजार (जलाशय क्षेत्र कम्तीमा ६ कठ्ठा हुनुपर्ने) अनुदान दिइनेछ। |

## आवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु :

१. रु १० को टिकट सहितको अनुसुचि १० बमोजिमको निवेदन फारम।
२. निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
३. संस्थाको दर्ता प्रमाणपत्र तथा निर्णयको प्रतिलिपि।
४. संस्थाको गत आ.व.२०७७/७८ को कर चुक्ता ,दर्ता प्रमाणपत्र र जग्गाको मालपोत तिरेको रसिद।
५. जग्गाको चारकिल्ला खुलेको प्रमाणपत्र तथा ब्लुप्रिन्ट नक्सा।
६. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा कम्तीमा ५ वर्षको सम्झौता पत्र।
७. सम्बन्धित वडा/स्थानीय तहको सोही प्रकृतिको कामको लागि अनुदान नलिएको खुल्ने गरी सिफारिस पत्र।
८. स्थानिय तहको समन्वयमा नर्सरी श्रोत केन्द्र स्थापना /सुदृढिकरण कार्यक्रममा स्थानिय निकाय समन्वयको प्रतिवद्धता पत्र।
९. निर्माण प्रकृतिको कामको लागि लागत स्टीमेट डिजाईनमा तथा स्फेसिफिकेसन समेत पेश गर्नुपर्नेछ।
१०. कार्यक्रम प्रस्तावको ढाँचा कार्यालयको वेवसाईट धभदकक्तभ स्धधधाउ्ष्कयचबलनाऊकउानयखालउ बाट डाउनलोड गर्न सकिने छ।

**कार्यालय प्रमुख**